# "समृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार"

गाउँ सभामा बकैया गाउँपालिकाका उपाध्यक्ष श्री भक्तबहादुर खत्रीद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८३/८४ को बकैया गाउँपालिकाको

# नीति तथा कार्यक्रम

बकैया गाउँपालिका

मकवानपुर

बागमती प्रदेश, नेपाल

२०८३ साल असार १० गते

सम्मानीत गाउँसभाका सदस्यज्यूहरु,

१. बकैया गाउँपालिकाको दोश्रो निर्वाचित उपाध्यक्षको हैसियतले बाह्रौ गाउँसभा वैठकमा आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई हर्षको अनुभूति भएको छ ।

२. यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, सम्वृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध तथा जेन्जी आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सहितप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । साथै देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणसहित सम्पुर्ण नागरिकमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

३. आर्थिक सामाजिक रुपान्तरणका लागि सुशासन, विकास र सामाजिक न्यायसहित सम्वृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न बकैया गाउँपालिका प्रतिवद्ध छ । यसै परिप्रेक्षमा आम बकैयावासीको सुख, शान्ति, सम्बृद्धि र समुन्नतिका लागि नागरिकमा स्थानीय सरकारप्रति आशा र भरोसा जगाउने गरी गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । सो क्रममा सोचे जति उपलव्धी हासिल नभए पनि निरास हुन परेने कुनै कारण छैन ।

४. कृषिमा सुदृढीकरण गरी रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि, स्वस्थ र शिक्षित नागरिक, गुणस्तरीय पूर्वाधार, बकैया गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेका छन । सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवा प्रवाहमा चुस्त दुरुस्त, सारभूत र आमजनताले अनुभूति गर्न सक्ने सुधार गर्न स्थानीय सरकार स्पष्ट कार्ययोजना सहित अघि वढेको छ ।

५. पूर्वाधार निर्माणमा संघ तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गर्ने सम्वन्धमा गाउँपालिकाले लिएका पूर्वाधार सम्बन्धी नीतिको कार्यान्वयनबाट गाउँपालिका भित्र गाउँपालिकाको प्रशासनीक भवन निर्माण, अस्पताल भवन निर्माण र विभिन्न सडक पूर्वाधार जस्ता महत्वपुर्ण भौतिक संरचनाहरु निर्माण सम्पन्न हुने चरणमा छन भने गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भइ सञ्चालनमा आइसकेको छ ।

६. संघीय सरकारको सहयोगमा वहुक्षेत्रिय पोषण कार्यक्रम संचालनमा रहेको छ। गर्भवती तथा सुत्केरी महिला तथा आपतमा परेका व्यक्तिहरुलाई एम्बुलेन्स सेवा निशुल्क गराइएको छ। गाउँपालिकाबासीलाई निशुल्क रक्त सञ्चार सेवा उपलव्ध गराउदै आइरहेको छ ।

७. स्वास्थ्य सेवालाई सर्वसुलभ र जनमैत्री वनाउन गाउँपालिकाबाट सञ्चालित बकैया आधारभूत अस्पतालबाट प्रदान गरिदै आएको सेवालाई व्यवस्थित गर्दै लगिएको छ ।

८. सवै स्वास्थ्य संस्थाहरुको न्यूनतम गुणस्तर मापदण्डलाई सुधार गरिएको छ ।

९. बकैया उद्योगग्रामको सफल सञ्चालन गरी दैनिक दुध उत्पादनमा सघन वृद्धि गरी पशुपालनमा आश्रित जनताको आर्थिक उपार्जनमा वृद्धि गरिएको छ । कृषि यान्त्रिकीकरणको माध्यमवाट उत्पादन लागत कम गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न अनुदानमा कृषि सामाग्री वितरण गरिएको छ।

१०. लेखापरीक्षकको क्रममा देखिएको वेरुजुलाई तिर्नु वुझाउनु पर्ने वेरुजु असुल उपर तथा प्रमाण नपुगी अनियमित भएको वेरुजुलाई प्रमाण पेश गरी वेरुजु फर्छ्यौट गर्ने काम निरन्तर भइरहेको छ ।

सम्मानीत सभाका सदस्यहरु,

१. नेपालको संविधान, संघ र प्रदेश सरकार एवम् यस गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, दीगो विकासको लक्ष्य, राजनीतिक दलहरुको चुनावी घोषणा, संघीय सरकारको नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु, गाउँपालिकाको मौलिक विशेषता र स्थानीयबासीको आकाङ्क्षा, राजनीतिक दल र नागरिक समाजबाट प्राप्त सुझावहरु समेतको आधारमा सम्पूर्ण नागरिकको सर्वाङ्गीण हित गर्दै हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकास निर्माणलाई गति तथा परिवर्तन रुपान्तरण गर्ने अठोटका साथ आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम "सम्बृद्ध बकैया निर्माणको मुल आधार, स्वास्थ्य, शिक्षा, कृषि पर्यटन र वातावरणमैत्री पूर्वाधार" भन्ने गाउँपालिकाको दिर्घकालिन सोंच हासिल गर्न कोशे ढुङ्गा सावित हुन्छ भन्ने आशा र विश्वास लिएको छु ।

२. अव म आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## क. <u>आर्थिक विकास क्षेत्रः</u>

### <u>कृषिः</u>

३. आगामी आ.व. २०८३/८४ लाई विषादी न्यूनीकरण बर्षका रुपमा घोषणा गरी कृषक, कृषक समूह र कृषि सहकारीलाई जैविक प्राङ्गारिक खेतीमा प्रोत्साहन गरी रासायनिक मल तथा विषादी न्यूनीकरण अभियानलाई जोड दिइनेछ।

४. नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को प्राविधिक सहयोगमा कृषि तथा पशुपालन कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ ।

५. बकैया गाउँपालिकामा मित्रु जीव मौरीपालन विस्तारका लागि सामूदायिक वन तथा डिभिजन वन कार्यालयसँग साझेदारी गरी मौरी चरण क्षेत्र विस्तारका लागि वृक्षारोपण, विषादी रहित कृषि उत्पादन तथा मौरीपालनमा आधुनिक प्रविधि विस्तार जस्ता विशेष योजना लागू गरिनेछ।

६. कृषि ऋण, बाली बीमा तथा पशु बीमा जस्ता कार्यक्रम सञ्चालनमा सरकारी, निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ।

७. **कृषि तथा पशुजन्य बस्तुको उत्पादन, कृषकको पहिचान** भन्ने मूल नाराका साथ कृषकहरुको वर्गीकरण गरी कृषक पहिचान सहित कृषक परिचय पत्र वितरण गरिनेछ ।

८. वन डिभिजन कार्यालयसँग समन्वय गरी कृषि वन (Agroforestry) प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। साथै, बकैया कृषि औद्योगिक ग्राम अन्तर्गत प्राङ्गारिक मल कारखाना स्थापना गरी वनजन्य फोहोर तथा अवशेष (पात, पत्कर, स्याउला, घाँसपात, साना हाँगा आदि) को उपयोगबाट प्राङ्गारिक मल उत्पादन गरिनेछ। उत्पादित प्राङ्गारिक मलको प्रयोग मार्फत बकैया गाउँपालिकामा प्राङ्गारिक तथा दिगो कृषि प्रणालीको विस्तार गरिनेछ।

९. **"स्वस्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात"** भन्ने नाराका साथ माटोको उर्वराशक्तिमा सुधार गरि उपयुक्त खेती प्रवर्द्धन गर्न माटो परीक्षण गरि कृषि चुन वितरणलाई थप प्रभावकारी बनाईने छ।

१०. स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले खरिद तथा बिक्री प्रणालीलाई सुदृढ बनाउन बकैया कृषि उपज खरिद-बिक्री तथा संकलन केन्द्रलाई व्यवस्थित गर्दै यसको कार्यक्षेत्र थप विस्तार गरिनेछ।

११. कृषिमा आधुनिकीकरण गरी कृषि उत्पादन वृद्धि गर्ने नीति ल्याइनेछ।

१२. कृषि क्षेत्रको आधुनिकीकरण तथा उत्पादन लागत न्यूनीकरणका लागि कृषि यान्त्रीकरणलाई विशेष प्राथमिकता दिइनेछ

१३. एकिकृत कृषि प्रणाली अन्तर्गत स्थानीय सरकार र कृषक, कृषक समूह, कृषि सहकारीको साझेदारीमा बृहत क्षेत्रफलमा कृषि उत्पादन लाइ जोड दिइ रोजगारी सिर्जना तथा उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१४. उत्कृष्ट कृषक, कृषक समूह तथा कृषि सहकारीलाई वार्षिक रुपमा पुरस्कृत र सम्मान गरिनेछ।

१५. वैकल्पिक सिंचाइका निम्ति प्लास्टिक पोखरी, थोपा सिंचाइ, फोहरा सिंचाइ र भूमिगत सिंचाइलाई प्रवर्द्धन गर्न आवश्यक भौतिक तथा प्राविधिक सेवाको व्यवस्थापन गरिनेछ।

१६. कृषिजन्य वस्तुको उत्पादनमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

१७. कृषि, पशु तथा नगदे बाली बिमा गराउन कृषकहरुलाई प्रोत्साहित गरिनेछ।

१८. प्रत्येक वडाको भौगोलिक अवस्था र सम्भाव्यता अनुसार विशिष्ट कृषि बाली तथा उत्पादन प्रणाली पहिचान गरी प्रवर्द्धन गरिनेछ। यस मार्फत उत्पादन विविधीकरण, व्यावसायिकीकरण र स्थानीय कृषि अर्थतन्त्र सुदृढीकरण गरिनेछ।

१९. कृषि यान्त्रीकरण तथा व्यावसायिकीकरण प्रवर्द्धनका लागि कृषि यन्त्रहरूको कस्टम हायरिङ सेन्टर सञ्चालनसम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

२०. कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सामूहिक, सहकारी तथा कम्पनी/फर्म मोडलको कृषि व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. कृषि तथा पशुजन्य उत्पादनलाई लामो समयसम्म भण्डारण गर्न बकैया कृषि औद्योगिकग्राम क्षेत्रमा शित भण्डार (Cold Store) निर्माण तथा संचालन गरिनेछ ।

२२. बकैया गाउँपालिका अन्तर्गतका कृषकलाई प्रविधिमैत्री कृषि प्रवर्द्धनका लागि कृषि प्रदर्शनी सञ्चालन गर्न बकैया कृषि प्रदर्शनी केन्द्रलाई निरन्तरता दिइनेछ।

२३. प्रमुख खाद्यान्न बालीको गुणस्तरीय उन्नत बीउ उपलब्धता वृद्धि गर्नुका साथै स्थानीय रैथाने जातिका बीउहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यलाई प्रथमिकता दिईनेछ ।

२४. शिक्षा, कृषि प्रसार र कृषि अनुसन्धानलाई एकीकृत गर्न बकैया गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा कृषि शिक्षा कार्यक्रम सञ्चालन, कृषकहरूका लागि कृषि प्रसार कार्यक्रम तथा कृषि स्नातक विद्यार्थीहरूका लागि इन्टर्नशिप उपलब्ध गराई अनुसन्धान कार्यहरू सञ्चालन गरिनेछ।

२५. गरगरेमा रहेको कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रको पुनःसंरचना गरी थप व्यवस्थित बनाईनेछ।

२६. कृषि तथा पशुपालन क्षेत्रमा युवाहरुलाई आकर्षण गरी स्वरोजगारको अवसर सिर्जना गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२७. फलफूल खेतीको विस्तार र व्यावसायिकीकरणका लागि स्थानीय जलवायु र माटो सुहाउँदो फलफूल बालीहरूको उत्पादनलाई प्रोत्साहन गरिनेछ साथै गुणस्तरीय बिरुवा, प्राविधिक सेवा र बजार पहुँचमा सहयोग पुर्‍याइनेछ।

२८. बालीमा देखिने आकस्मिक कीरा तथा रोग प्रकोपको प्रभावकारी व्यवस्थापनका लागि एकीकृत कीरा–रोग व्यवस्थापन (IPM) प्रवर्द्धन गरिनेछ र रसायन रहित नियन्त्रण विधिलाई प्राथमिकता दिइनेछ।

२९. कृषकलाई आवश्यक रसायनिक मलको समयमै र पारदर्शी वितरण सुनिश्चित गर्न रसायनिक मल कार्ड प्रणाली लागू गरी प्रभावकारी वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

३०. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम बकैया ५ र ९ लाई निरन्तरता दिइनेछ। अन्य वडाहरुमा समेत कार्यक्रम विस्तार गर्ने नीति लिइनेछ ।

३१. आलु, तेलहन, बगर खेती, नगदे बाली तथा धान बीउ उत्पादनमा संलग्न कृषकहरूलाई उत्पादन वृद्धि तथा व्यावसायिकीकरणका लागि प्रोत्साहनस्वरूप अनुदान उपलब्ध गराइनेछ।

३२. कृषि तथा पशुजन्य उत्पादन वृद्धि गर्नको लागि न्यूनतम समर्थन मूल्य तोकि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिई थप व्यापक बनाइनेछ। साथै, सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कृषि सहकारीसंग साझेदारी गरिनेछ।

३३. स्थानीय उत्पादनको प्रशोधन गर्दै ब्राण्डिङ गरी वजार विस्तार गर्ने नीति लिइनेछ ।

३४. गरिव विपन्न एकल महिला तथा पुरुषलाई जिविकोपार्जन तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

३५. भान्सा सुधार कार्यक्रम अन्तर्गत टोल विकास संस्था तथा कृषक समूहहरुलाई परिचालन गरी एक घर एक करेसा वारी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी पोषण प्रवर्द्धन गरिनेछ ।

**पशुपन्छीः**

३६. पशुपन्छीमा देखापर्ने विभिन्न संक्रामक तथा गैरसंक्रामक रोगहरूको समयमै पहिचान, निदान तथा प्रभावकारी उपचार व्यवस्थापन सुनिश्चित गर्न आवश्यक आधुनिक उपकरण तथा प्रविधिसहित पशु रोग निदान प्रयोगशालाको स्थापना, सुदृढीकरण तथा स्तरोन्नति गरिनेछ। साथै स्थानीय

स्तरमै गुणस्तरीय प्रयोगशाला सेवा उपलब्ध गराई पशु स्वास्थ्य व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

३७. पशुपन्छीको उत्पादकत्व अभिवृद्धि, आनुवंशिक गुणस्तर सुधार तथा उन्नत नश्लको विकासका लागि कृत्रिम गर्भाधान सेवाको पहुँच विस्तार गर्दै उन्नत वीर्य (sex semen) तथा प्रजनन सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

३८. पशुहरूमा देखिने बाझोपन तथा अन्य प्रजनन सम्बन्धी समस्याको न्यूनीकरणका लागि विशेषज्ञ चिकित्सक तथा प्राविधिकसहित निःशुल्क प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

३९. प्रतिजैविक प्रतिरोधिता (AMR) न्यूनीकरण तथा प्रतिजैविकको विवेकपूर्ण प्रयोग (AMU) प्रवर्द्धनका साथै स्वच्छ दुग्ध उत्पादन, सुरक्षित भण्डारण, प्रशोधन तथा बजारीकरण सम्बन्धी विषयमा कृषक, दुग्ध सहकारी संस्था, एग्रोभेट तथा सरोकारवालाहरूको सहभागितामा अन्तरक्रिया, अभिमुखीकरण तथा गोष्ठी कार्यक्रम सञ्चालन गरिनेछ।

४०. पशु स्वास्थ्य सेवामा कृषकहरूको सहज पहुँच सुनिश्चित गर्न आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा भेटेरिनरी औषधि वितरण कक्ष सहितको पशु सेवा केन्द्रको स्थापना, सुदृढीकरण तथा स्तरोन्नति गरिनेछ।

४१. पशु सेवा क्षेत्रमा कार्यरत प्राविधिक जनशक्तिको दक्षता, क्षमता तथा कार्यसम्पादन अभिवृद्धि गर्न समयानुकूल तालिम, पुनर्ताजगी कार्यक्रम, अनुभव आदानप्रदान तथा नियमित समीक्षा बैठक सञ्चालन गरिनेछ।

४२. पशुपन्छी तथा मत्स्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनालाई व्यवस्थित, अद्यावधिक र प्रविधिमैत्री बनाउन डिजिटल अभिलेख प्रणालीको विकास तथा कार्यान्वयन गरिनेछ। यसबाट नीति निर्माण, योजना तर्जुमा तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

४३. सार्वजनिक स्वास्थ्य तथा पशु कल्याणलाई प्रवर्द्धन गर्न सामुदायिक कुकुरहरूको रेबिज विरुद्ध खोप अभियान तथा वैज्ञानिक बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट रेबिज नियन्त्रण तथा सडक कुकुर व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

४४. स्थानीय आवश्यकता तथा समस्यामा आधारित अनुसन्धानलाई प्रोत्साहन गर्न स्नातक, स्नातकोत्तर तहका विद्यार्थी, विद्यावारिधि सोधकर्ता, अनुसन्धानकर्ता तथा शैक्षिक संस्थासँग सहकार्य गरी पशुपन्छी तथा पशु स्वास्थ्य क्षेत्रका अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।

४५. खोरेत, लम्पी स्किन, रेविज लगायत विभिन्न महामारीजन्य तथा आकस्मिक रोगहरूको तत्काल नियन्त्रण, रोकथाम तथा व्यवस्थापनका लागि आकस्मिक महामारी नियन्त्रण कोष स्थापना गरी आवश्यक स्रोत तथा साधनको सुनिश्चितता गरिनेछ।

४६. प्रत्येक वडाको भौगोलिक, सामाजिक तथा आर्थिक सम्भावनालाई आधार मानी विशेष कृषि तथा पशुपालन उत्पादन क्षेत्रको विकास, व्यवसायीकरण तथा बजारीकरणलाई प्रोत्साहन गर्दै आयआर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।

४७. विपन्न, साना तथा सीमान्तकृत कृषकहरूको पशु स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न आवश्यक औषधि, खोप तथा उपचार सामग्री खरिद गरी गुणस्तरीय प्राथमिक पशु स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

४८. पशुपन्छीमा हुने आन्तरिक तथा बाह्य परजीवीहरूको नियन्त्रण, जैविक सुरक्षा प्रवर्द्धन तथा रोगको रोकथामका लागि सचेतनामूलक कार्यक्रम, औषधि वितरण तथा जैविक सुरक्षा सम्बन्धी अभियान सञ्चालन गरिनेछ।

४९. व्यवसायिक पशुपन्छीपालन क्षेत्रमा दक्ष उद्यमी उत्पादन गर्न सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन गरी स्वरोजगार तथा उद्यमशीलता विकासमा जोड दिइनेछ।

५०. व्यवसायिक बाख्रापालन प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी गराइनेछ ।

५१. खोरेत रोग नियन्त्रण निर्धारित क्षेत्र कार्यक्रम अन्तर्गत रोग निगरानी प्रणाली सुदृढीकरण, नियमित खोप अभियान सञ्चालन, नमूना संकलन तथा परीक्षण, जनचेतना अभिवृद्धि र जैविक सुरक्षा उपायहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

५२. दुग्ध सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरणका लागि दुधको गुणस्तर सुधार, चिस्यान केन्द्र व्यवस्थापन तथा बजार व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५३. बकैया कृषि उपज खरीद बिक्री तथा संकलन केन्द्र मार्फत दुग्ध सहकारी संस्थाबाट दुध खरिद गरी शिवपुरी फ्रेस डे डेरीलाई बिक्री वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै उत्पादित दुध तथा दुग्धजन्य परिकार उत्पादन तथा बिक्री वितरण कार्यको लागि अन्य सम्भावित क्षेत्रसंग सहकार्य गरिनेछ।

५४. बकैया गाउँपालिकामा मासु तथा दुध उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बिक्री वितरण, निर्यात गर्नको लागि राँगा तथा भैसी पालन प्रवर्धन कार्यक्रमलाई प्राथमिकता गरिनेछ।

५५. निजी क्षेत्रको सहभागितामा कृषि उपजको उत्पादन तथा उत्पादकत्वको लागि बजार संरचना निर्माण र सञ्चालनमा साझेदारी गरिनेछ । कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनको बजारीकरणको लागि प्रभावकारी संयन्त्रको निर्माण गरिनेछ।

५६. गाउँपालिकालाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन बकैया साईलेज तथा दाना उद्योगलाइ थप व्यवस्थित बनाई उक्त उद्योगबाट उत्पादित दाना, साइलेज लगायतका उत्पादनको बिक्री वितरण कार्यलाई थप प्रभावकारी बनाइनेछ। साथै गाउँपालिका भित्रका कृषकलाई औद्योगिक ग्रामबाट उत्पादित पशुजन्य आहारामा उचित अनुदानको व्यवस्था मिलाइनेछ।

५७. स्थानीय वातावरणमा अनुकूलित तथा लोपोन्मुख अवस्थामा रहेका स्थानीय पशु नस्लहरूको संरक्षण, संवर्द्धन, प्रजनन सुधार तथा व्यावसायिक उपयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ र यसमा संलग्न कृषक तथा समूहलाई प्रोत्साहन सहयोग उपलब्ध गराइनेछ।

५८. बकैया गाउँपालिकामा मानव स्वास्थ्य, पशु स्वास्थ्य तथा वातावरणीय स्वास्थ्यबीचको अन्तरसम्बन्धलाई आत्मसात गर्दै एक स्वास्थ्य (One Health) दृष्टिकोण अवलम्बन गरिनेछ।

**सहकारी**

५९. सहकारी संस्थाको अनुगमन, नियमन कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ। सञ्चालनमा नरहेका सहकारी संस्थाको खारेजी र एकिकरण प्रकृया अवलम्बन गरिनेछ।

६०. सहकारी संस्थामा आवद्ध शेयर सदस्यको शेयर, बचत फिर्ता नगरेका सहकारी संस्थालाई कानूनी दायरामा ल्याइनेछ।

६१. सहकारीको विश्वव्यापी सिद्दान्त र मूल्य मान्यता तथा सहकारी कानून अनुरुप सहकारीको दर्ता सञ्चालन नियमन र अनुगमनलाई प्रभावकारी बनाउन यस गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूलाई सहकारी विभागले सञ्चालन गरेको कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध गरिनेछ। प्रणालीमा आवद्ध नभएका वा नियमित रुपमा विवरण अद्यावधिक नगर्ने सहकारी संस्थाहरुलाई गाउँपालिकाबाट वितरण गरिने कुनै पनि सेवा सुविधाहरु उपलब्ध नगराइने नीति लिइनेछ।

६२. कर्जा सूचना केन्द्र स्थापना गर्न पहल गरिनेछ। त्यसका लागि पालिका मातहतका सहकारीलाई सो प्रकृयामा आवद्ध गराइनेछ।

६३. सहकारी लगानी सुरक्षित गर्न सहकारी संस्थाहरुलाई लगानी पूर्व कर्जा सूचना केन्द्रमा सूचना लिएपछि मात्र कर्जा दिने प्रावधान अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।

६४. सहकारी समन्वय समितिसंगको सहकार्यमा सहकारी तालिम, उत्प्रेरणा कार्यक्रम, असल अभ्यास आदानप्रदान तथा सहकारी अनुगमन कार्यलाई निरन्तरता दिदै सहकारी संस्थालाई बलियो संस्थाका रुपमा विकास गर्न योजना ल्याइनेछ।

६५. प्रचलित सहकारी सम्बन्धी कानूनहरुको पालना नगर्ने तथा नियमानुसारको प्रगति प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीहरुलाई कानून बमोजिम कारवाही गरिनेछ।

६६. सहकारी संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि एक वडामा एकै प्रकृतिका सहकारी संस्थाहरु एक भन्दा बढी दर्ता नहुने गरी व्यवस्था मिलाइनेछ।

## उद्योग, व्यापार, श्रम तथा रोजगार

६७. वेतवास लगायत बासजन्य उत्पादन, ढाका, छाला, नेपाली कागज, फलाम तथा तामाका औजार, भाडाकुडा निर्माण, काठ तथा माटोका सामान, सुगन्धित धुप जस्ता परम्परागत सीपमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन तथा बजारीकरणमा सहयोग गरिनेछ।

६८. बकैया औद्योगिक ग्रामलाई सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमा सञ्चालनको लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

६९. स्थानीय उद्योगहरूको सुरक्षा गर्दै उद्योगी, व्यापारी तथा निर्माण व्यावसायीका समस्या समाधानका लागि समन्वयकारी भूमिका निर्वाह गरिनेछ।

७०. एकाधिकार, कार्टेलिङ, सिण्डीकेट तथा कालोबजारीलाई प्रभावकारी अनुगमन मार्फत निरुत्साहित गरिनेछ।

७१. बेरोजगारको सूचीमा सूचीकृत श्रमिकहरुलाई क्रमशः रोजगार प्रदान गरिनेछ।

७२. गाउँपालिका तथा वडामा सञ्चालन हुने विभिन्न योजनाहरुमा बेरोजगारको सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्युनतम १०० दिनको रोजगारीमा सहभागी गराइनेछ।

७३. रोजगार सेवा केन्द्रमा बेरोजगारको फारम दर्ता गरेर पनि रोजगार नपाएका व्यक्तिहरुलाई गाँउपालिका तथा वडास्तरमा सञ्चालन हुने विभिन्न सीपमुलक तालिमहरुमा सहभागीताको लागि प्राथमिकता दिइनेछ।

७४. स्थानीय उत्पादनको लागि आयोजना हुने उद्यमी प्रदर्शनी मेलामा स्थानीय उद्यमीलाई सहभागिता गराइनेछ।

७५. विभिन्न उद्यमसँग सम्बन्धित तालीम लिई उत्पादनमा लागेका उद्यमीको उत्पादनको वजारीकरणमा सहयोग गरिनेछ।

७६. स्थानीय हाट बजारको प्रवर्द्धन गरिनेछ।

७७. संघीय सरकारसँगको साझेदारीमा लघु उद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

७८. निर्माण लगायतका व्यवसायमा रहेका स्वदेशी मजदुरलाई संरक्षण तथा प्रोत्साहनको नीति लिइनेछ।

७९. बकैया गाउँपालिकामा सार्वजनिक - नीजि साझेदारीमा मझौला तथा ठूला उद्योग सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

८०. स्थानीय उत्पादन, मौलिक कला, हस्तकला तथा लघु उद्यमहरूको संरक्षण, विकास, ब्राण्डिङ, बजारीकरण र उद्यमशीलता प्रवर्द्धनमार्फत स्थानीय आर्थिक समृद्धि हासिल गरिनेछ।

८१. रोजगार सेवा केन्द्रमार्फत श्रम स्वीकृति तथा नविकरण सेवालाई प्रभावकारी बनाईनेछ।

८२. सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम सबै वडामा सञ्चालन गरिनेछ। साथै, वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा अनलाइन मार्फत पालिकाबाट सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

८३. वैदेशिक रोजगारी तथा अन्य क्षेत्रबाट यस पालिकामा फर्किएका स्थायी बासिन्दालाई कृषि तथा पशुपन्छी पालन पेशामा आवद्ध गराउने कार्यलाई विशेष जोड दिने नीतिलाई निरन्तरता दिइनेछ।

८४. रोजगारी अभिवृद्धी गर्न सीपमुलक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनुका साथै यस गाउँपालिकामा रहेका स्थानीय सीपहरुको अध्ययन गरी स्थानीय आय-आर्जन वृद्धिमा प्रयोग गरिनेछ।

८५. औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुर तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइने नीति लिइनेछ ।

**पर्यटनः**

८६. सामुदायिक वन क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको भौतिक पूर्वाधारको विकास गर्दै सामुदायिक वनसँगको साझेदारीमा पर्यटन क्षेत्र एवं पिकनिक स्पटको विकास गरिनेछ।

८७. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरिनेछ।

८८. पदमार्ग तथा साइक्लिङ मार्गको पहिचान गरी पूर्वाधार विकासमा जोड दिइनेछ। खोला किनारामा रहेका पदमार्गलाई नदी करिडोरको रुपमा विकास गरिनेछ।

८९. बकैया भित्रका ऐतिहासिक, धार्मिक, सास्कृतिक तथा जैविक पर्यटकीय क्षेत्र अम्बास गढी, लटलम्बेश्वर, गौतम बुद्ध पर्यटकीय पार्क, भीमसेन मन्दिर, धनेश्वर पार्क, भुवनेश्वरी, रुद्रस्थली,

नाग झरना लगायतका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरी प्रचारप्रसार गर्न वृत्तचित्र एवं पुस्तिका प्रकाशन गरिनेछ। पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्न स्थानीय सञ्चार माध्यमसँग सहकार्य गरिनेछ।

९०. धार्मिक पर्यटनलाई प्रवर्दन गर्न पालिका स्तरीय ध्यान केन्द्र निर्माणमा सहजिकरण गरिनेछ ।

९१. सार्वजनिक-नीजि साझेदारीमा परम्परागत कृषिलाई प्रविधिको माध्यमबाट नमूना कृषि पर्यटन विकास कार्यक्रम संचालनको लागि आवश्यक पहल गरिनेछ।

९२. तामाङ, घले, सिकारी सुनुवार, दनुवार तथा माझी लगायतका आदिवासी जनजाति र खसआर्य समुदायमा आधारित होमस्टे संचालनका लागि आवश्यक पहल गरिनेछ।

## ख. सामाजिक विकास क्षेत्रः

### शिक्षा, भाषा तथा कला साहित्यः

९३. विद्यालयीय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन सबै क्षेत्रको साझेदारीमा आवधिक शिक्षा योजनाको पाँच वर्षे खर्च संरचना सहितको योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

९४. प्रचलित कानून बमोजिम भौगोलिक अवस्था, जनसंख्या तथा यातायातको उपलब्धता समेतलाई मध्यनजर गरी विद्यालय समायोजन, एकीकरण, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन, सामुदायिक विद्यालयलाई तीनै तहका सरकार र समुदायको सहकार्यमा पूर्वाधार र स्रोत साधन सम्पन्न बनाई वृहत् विद्यालयको अवधारणा कार्यान्वयनमा जोड दिइनेछ ।

९५. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण र सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि दरबन्दी न्यून भएका विद्यालयको लागि उपलब्ध गराउँदै आइरहेको पालिका स्तरीय शिक्षक अनुदान कार्यक्रम र बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि उपलब्ध गराउँदै आइरहेको थप प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ ।

९६. पालिका स्तरीय शिक्षक अनुदान कार्यक्रम र बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि उपलब्ध गराउँदै आइरहेको थप प्रोत्साहन अनुदान रकममा दश प्रतिशत थप गरी उपलब्ध गराइनेछ ।

९७. प्रसुती सट्टा शिक्षक व्यवस्थापन अनुदानलाई निरन्तरता दिइनेछ ।

९८. आवासीय विद्यालय व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ ।

९९. गुठी /ट्रस्ट मार्फत विद्यालय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१००. "म प्रयोग गराउँछु, हामीले प्रयोग गर्न पाउनु पर्छ" भन्ने नाराका साथ विद्यालयमा भएका ल्याब, पुस्तकालय, शैक्षिक सामग्रीको अधिकतम प्रयोग गरी शिक्षाको गुणस्तर सुधार गरिनेछ ।

१०१. नतिजाका आधारमा विद्यालय, विद्यालय शिक्षक तथा कर्मचारी र विद्यार्थीलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

१०२. स्थानीय इतिहास, भूगोल, कला, साहित्य, संस्कृति आदिको जानकारी गराई गाउँपालिका प्रतिको अपनत्व भाव विकास गर्न आगामी शैक्षिक सत्रदेखि कक्षा १ मा लागू गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।

१०३. हरित विद्यालयको अवधारणा अनुरुप विद्यालयको विकास गर्न बाल क्लबको सशक्तिकरण गर्ने साथै अभिभावकमा **"मेरो विद्यालय मेरा नानी"** भन्ने भावनाको विकास गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१०४. विद्यालयहरुमा सुशासन र लैङ्गिक समानता कायम गर्न सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था मिलाईनेछ । साथै प्राप्त उजुरीको तुरुन्त सुनुवाई गर्ने व्यवस्था मिलाईनेछ ।

१०५. कक्षाकोठामा शिक्षकले बिताउने समय वृद्धि गर्न प्रधानाध्यापक तथा शिक्षकलाई जिम्मेवार बनाइनेछ ।

१०६. शैक्षिक गुणस्तर सुदृढीकरण र जीवनोपयोगी शिक्षाको लागि विद्यार्थी वृत्ति मार्ग निर्देशन कार्यक्रम र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

१०७. कमजोर सिकाइ उपलब्धी भएका विद्यार्थीको सिकाइ स्तर सुधारका लागि शिक्षक अभिभावक सम्पर्क कक्षाको व्यवस्थापन गरी सुधारात्मक कक्षा सञ्चालन गरिनेछ ।

१०८. निजी विद्यालयबाट तोकिए बमोजिम छात्रवृत्ति वितरण भए नभएको अनुगमन गरी छात्रवृत्ति कार्यान्वयनमा कडाइ गरिनेछ ।

१०९. अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, कक्षा अवलोकन, पृष्ठपोषणलाई जोड दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धन गरिनेछ।

११०. विद्यालयको दिवा खाजा कार्यक्रममा आयातित खानेकुरालाई विस्थापन गरी स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजालाई प्रोत्साहन गरिनेछ र सोका लागि सम्बन्धित वडा कार्यालयलाई जिम्मेवार बनाइनेछ ।

१११. सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर सुधार गर्न पालिका अन्तर्गका विद्यालयहरुमा कार्यरत शिक्षकको आवश्यकता अनुसार नियमित अन्तर विद्यालय सरुवा, अन्तर विद्यालय शिक्षण कार्यलाई जोड दिइनेछ ।

११२. समुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार तथा संस्थागत विकासगरी विद्यार्थीमैत्री वातावरणको विकास गरिनेछ । साथै खानेपानी, शौचालय तथा विद्यालय भवन निर्माणमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

११३. शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विषय शिक्षक, प्रारम्भिक वालविकास सहजकर्ता, गाउँ शिक्षा समितिहरुलाई आ-आफ्नो भूमिका, उत्तरदायित्व, सीप विकास लगायत जिम्मेवारी वहन गर्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।

११४. स्थानीय भाषा, कला, साहित्य, संस्कृतिको प्रवर्द्धन गर्न यस स्थानीय तहमा प्रयोगमा आउने स्थानीय भाषा अन्तर्गत तामाङ भाषाको पठनपाठनका लागि व्यवस्था मिलाइनेछ ।

११५. गाउँपालिका अन्तर्गतका निकायहरुको साइन बोर्ड तथा लेटर प्याडमा नेपाली भाषाको अतिरिक्त तामाङ भाषामा समेत लेखिने व्यवस्था मिलाइनेछ ।

११६. सहकारी मोडलमा आवाससहितको विद्यालय सञ्चालनका लागि स्थानीय तहले प्राविधिक सहजीकरण गर्ने नीति लिइनेछ ।

**<u>युवा तथा खेलकूदः</u>**

११७. गाउँपालिका क्षेत्रका युवालाई लक्षित गरी स्वरोजगार, आत्मनिर्भर र स्वावलम्बी बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। युवाहरुलाई स्थानीय माग र आवश्यकताको आधारमा छोटो अवधिका रोजगारमूलक सीप विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११८. युवाहरुलाई कुलत तथा सामाजिक विकृतिबाट जोगाउन सचेतना कार्यक्रम गरिनेछ ।

११९. वैदेशिक रोजगारीबाट फर्किएका युवा जनशक्तिमा रहेको सीप र पुँजीलाई उपयोग गरि उत्पादनमूलक कार्यमा लगाउन प्रोत्साहन गरिनेछ ।

१२०. युवा तथा बालबालिकामा रहेको अन्तर्निहित प्रतिभा र क्षमताको प्रस्फुटनका साथै गाउँबासीबीच सम्बन्ध विकास र व्यक्तित्व विकासको लागि गाउँस्तरीय साहित्यिक एवं सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१. समुदायस्तरदेखि नै खेल र खेल संस्कृतिको विकास र प्रवर्द्धन गर्न अध्यक्ष, उपाध्यक्ष कप लगायत विभिन्न किसिमका गाउँपालिकास्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गरिनेछ ।

१२२. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विशेष योगदान पुऱ्याएका खेलाडी तथा खेल क्षेत्रका व्यक्तिलाई सम्मान र पुरस्कृत गर्दै प्रोत्साहन गर्ने संस्कृतिको विकास गरिनेछ ।

१२३. सार्वजनिक निजी साझेदारीमा खेलमैदान र खेल पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

१२४. राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नारालाई सार्थक वनाउन बकैया ४ गोठखोलामा खुल्ला व्यायामशाला निर्माण गरिनेछ ।

१२५. सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई विद्यालय स्तरीय फुटबल, भलिबल, कराते व्याडमिन्टन लगायत खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

१२६. गाउँपालिका स्तरीय वा वडा स्तरीय खेलकुद विकास समितिबाट पूर्व स्वीकृति नलिई गाउँपालिकाभित्र भएका कुनै पनि प्रतियोगितालाई आधिकारिकता नदिइने र त्यस्ता प्रतियोगितामा खेलकुद विकास समितिबाट आर्थिक सहयोग समेत नगरिने नीति लिईनेछ । त्यस्ता प्रतियोगिताको सम्पूर्ण जबाफदेहिता स्वयम् आयोजकले लिनु पर्ने व्यवस्था गरिनेछ ।

१२७. गाउँपालिका क्षेत्रभित्र रहेका खेल मैदानहरुको स्तरोन्नति गरिनेछ।

## स्वास्थ्य

१२८. स्वास्थ्य सेवालाई सर्वसुलभ सबैको पँहुच योग्य, गुणस्तरीय, थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कानुन तयार गरी कार्यान्वयन गरिनेछ।

१२९. स्वास्थ्य संस्थाहरुबाट नागरिकलाई निःशुल्क रुपमा उपलब्ध हुने औषधीहरुको सहज उपलब्धता गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

१३०. स्वास्थ्यकर्मीको ज्ञान, दक्षता तथा क्षमता अभिवृद्धि गरी प्रभावकारी स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।

१३१. राष्ट्रिय खोप कार्यक्रमलाई प्रभावकारी वनाउन स्वास्थ्य आमा समूहहरूको लागि जनचेतनामुलक स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. स्वास्थ्य आमा समूहहरूलाई सक्रिय वनाउन पुनजागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. पूर्ण खोप सुनिश्चिता तथा दिगोपनामा जोड दिइ कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१३४. क्षयरोगको सकृय खोजपड्ताल, निदान, उपचार तथा नियन्त्रण कार्यक्रमलाई निरन्तर कार्यान्वयन गर्दै क्षयरोग मुक्त पालिका घोषणा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१३५. कुष्ठरोगका बिरामीहरुको सकृय खोजपड्ताल गरि कुष्ठरोगको निदान, उपचार, नियन्त्रण तथा अंगभंग भएकाहरुलाई उपचारको व्यवस्था मिलाइनेछ ।

१३६. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड सुधार गर्न क्रमिक रूपमा सेवाको गुणस्तरमा सुधार तथा विस्तार गरिनेछ ।

१३७. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई उत्प्रेरित गर्न पुरस्कृत गर्ने कार्यक्रम लाई निरन्तरता दिईनेछ साथै निजहरुको सेवा सुविधा बृद्धि गरिनेछ ।

१३८. स्यंवसेविकाहरुलाई आधारभुत तथा पुनर्ताजगी तालिम दिने नीतिलाई निरन्तरता दिईनेछ ।

१३९. घातक रोग जस्तै क्यान्सर, मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई मासिक रुपमा प्रदान गरिरहेका उपचार खर्च बापतको रकमलाई निरन्तरता दिइनेछ ।

१४०. स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन र द्रुत प्रतिकार्य टोलीलाई चुस्त परिचालन गरिनेछ ।

१४१. राष्ट्रिय पोषण कार्यक्रम एवं वहुक्षेत्रिय पोषण कार्यक्रमलाई विशेष जोड दिइ पोषणमैत्री वडँ तथा पालिका घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चलन गरिनेछ ।

१४२. ज्येष्ठ नागरिक र क्यान्सर रोगी बिरामीहरुको लागि जनचेतना मुलक कार्यक्रम तथा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१४३. सार्वजनिक स्थानहरुमा धुम्रपान तथा सूर्तीजन्य पदार्थ प्रयोग तथा बेचबिखनलाई निरुत्साहित गरिनेछ ।

१४४. सुर्तीजन्य पदार्थको प्रयोगमा न्यूनीकरणका लागि सामाजिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१४५. स्वास्थ्य संस्थाहरुलाई अपाङ्गमैत्री, बालमैत्री, किशोर किशोरीमैत्री र पोषणमैत्री बनाउँदै लगिनेछ ।

१४६. जन्मजात अति विकलाङ्ग तथा अटिजम (Autism) भएका बालबालिका जस्ता दीर्घकालीन समस्या भएका बालबालिकाहरू, द्वन्दपिडित, असहाय वृद्धवृद्धा तथा वालवालिकाहरुलाई पूनर्स्थापना साथै नि:शुल्क रुपमा स्वास्थ्य बीमा गरिनेछ।

१४७. विपन्न, दीर्घरोगी र अपाङ्गता भएका नागरिकको परिवारलाई स्वास्थ्य विमा गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

१४८. विद्यालयबाट खुवाइने दिवा खाजामा जङ्क फुड निषेध गरी पौष्टिक युक्त खाजा वितरणको व्यवस्था मिलाइनेछ ।

१४९. विद्यालयमा विद्यार्थी भर्ना गर्दा पूर्ण खोप लगाएको सुनिश्चित गरी पूर्ण खोप अभियानलाई सफल पार्ने नीति लिईनेछ ।

१५०. स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहरमैलाहरुलाई मापदण्ड बमोजिम उचित व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१५१. गर्भवती महिलाहरूको लागि ग्रामीण भिडियो एक्स-रे सेवालाई निरन्तरता दिइनेछ ।

१५२. ELECTRONIC HEALTH RECORD (EHR) सम्बन्धीको कार्यक्रमलाई पाइलट कार्यक्रमको रुपमा स्वास्थ्य संस्थामा लागु गरिनेछ ।

१५३. दीर्घरोगी तथा ज्येष्ठ नागरिकहरुको सुगर, प्रेसर तथा पिसावको प्रोटिन जाँच गर्न ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ ।

१५४. दीर्घ रोगीहरुको लागि सुगर तथा प्रेसर जाँचको लागि ब्याट्री तथा ग्लुको स्ट्रीप लगायतका आवश्यक सामग्री खरिदको लागि बजेट व्यवस्थापनको लागि सुनिश्चिता गरिनेछ ।

१५५. सरुवा तथा घातक संक्रामक रोगहरू विरुद्ध प्रतिकार्य गर्न आवश्यक पूर्व तयारी तथा कार्य योजना निर्माण गरी लागू गरिनेछ ।

१५६. जन्मजात अपाङ्गतालाई शिघ्र पहिचान गर्ने, गर्भ पूर्व र गर्भ पश्चात हुनसक्ने जटिलता रोकथामको लागि फोलिक एसिड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५७. स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढीकरण गर्न अन्य सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूसँग सहकार्य गरिनेछ ।

१५८. प्रजनन रुग्णता तथा क्यान्सर रोगको बेलैमा पहिचान गरी न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१५९. लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्ने कार्यलाई निरुत्साहित गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१६०. गाउँपालिका क्षेत्र भित्र रहेका मेडिकल तथा औषधी पसललाई सूचीकृत गरी नियमित अनुगमन र नियमन गरिनेछ ।

१६१. गाउँपालिका स्तरको १५ शैयाको बकैया आभारभुत अस्पतालको भौतिक संरचना निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ । साथै उक्त अस्पताललाई प्रदेश स्तरको ट्रमा अस्पतालको रुपमा विकास गर्न बागमती प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

१६२. नेपाल सरकारको नीतिको रुपमा रहेको नो होम डेलिभरी कार्यक्रमलाई सफल पार्न आवश्यकता अनुसार बर्थिङ्ग सेन्टरहरु व्यवस्थित गरिनेछ ।

१६३. नो होम डेलिभरीलाई बढुवा दिन गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे सेवा, निशुल्क ल्याब सेवा, यातायात सुविधा लगायत सेवाग्राहीहरुलाई प्रोत्साहन गर्ने विविध क्रियाकलापहरुलाई निरन्तरता दिईनेछ ।

१६४. सबै नागरिकहरुलाई निशुल्क रक्तसंचार सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१६५. २४ घण्टे आकस्मिक सेवालाई नियमित र प्रभावकारी बनाइनेछ ।

१६६. एम्बुलेन्स सेवा विस्तार तथा शव वहानको व्यवस्था गर्नुका साथै दुर्गम क्षेत्रको लागि स्ट्रेचरको व्यवस्था गरिनेछ ।

१६७. आवश्यकता अनुसार एक आपसका स्वास्थ्य संस्थावीच औषधि आपुर्ति व्यवस्थापनमा सामञ्जस्यता मिलाई औषधि खेर जाने दरलाई न्युन गरिनेछ ।

१६८. क्षयरोग, भिटामिन ए, विद्यालय स्वास्थ्य शिक्षा अन्तरक्रिया, स्वास्थ्य सम्बन्धी जनचेतना लगायतका थप कार्यक्रमहरु सञ्चालन गरि स्वास्थ्यका विषयवस्तुमा सबै नागरिकहरुलाई सुसूचित गराईनेछ ।

१६९. मानसिक स्वास्थ्य प्रवर्द्धन आत्महत्याको न्युनिकरण गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

१७०. ग्रामिण आँखा उपचार केन्द्रको सेवा सुदृढिकरणको लागि आवश्यक व्यबस्थापन गरिनेछ। आँखा शिविर कार्यक्रमलाई ग्रामिण स्तरमा पुऱ्याई मोतिबिन्दु पहिचान गरी निशुल्क शल्यक्रियाको लागि सम्बन्धित संघ संस्थाहरुसँग समन्वय गरिनेछ ।

१७१. विद्यालयका सम्पुर्ण विद्यार्थीको विद्यालयमा नै निशुल्क आँखा जाँचको व्यवस्था मिलाइनेछ ।

१७२. बकैया आधारभूत अस्पतालमा गुणस्तरीयसेवा प्रवाहको निमित्त ल्याव, एक्सरे, भिडियो एक्सरे, विरामी भर्ना, सशुल्क फार्मेसी जस्ता सेवाहरुको व्यवस्था तथा बिस्तारमा जोड दिइनेछ ।

१७३. ठिंगन स्वास्थ्य चौकिको भवन निर्माणलाई पुर्णता दिईनेछ । साथै स्वास्थसंस्थाहरुको भौतिक संरचना सुधार तथा स्तरोन्नति गरिदै लगिनेछ ।

१७४. मानव जीवनको अन्तिम समयमा प्रदान गरिने ग्रामिण प्रशामक सेवालाई निरन्तरता दिईनेछ ।

१७५. महिला स्वास्थ्य स्वयमसेविकाको कार्यलाई प्रभावकारी बनाईनेछ। महिला स्वास्थ्य स्वयमसेविका कोषलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

१७६. नागरिक आरोग्य केन्द्रको सशक्तिकरण गरी पालिका स्तरीय योग तथा ध्यान केन्द्र सञ्चालन गरिनेछ ।

**<u>महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण</u>**

१७७. ज्येष्ठ नागरिक, बालबालिका, अनाथ, असहाय, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक र अति विपन्न नागरिकहरुको संरक्षण गर्ने नीति लिइनेछ ।

१७८. ज्येष्ठ नागरिकले समाजमा पुऱ्याएको योगदानको कदर गर्दै ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१७९. हिंसाबाट पीडित तथा प्रभावित महिला एवं अपाङ्गता भएका व्यक्तिहरुको उद्धार, मनोसामाजिक परामर्श, पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१८०. असहाय, वेवारिसे, अलपत्र परेका, आश्रयरहित व्यक्तिको उद्दार, पुनर्स्थापना र मानवीय सेवाको कार्यमा निजी, सामुदायिक तथा गैरसरकारी क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ ।

१८१. विवाह, व्रतवन्ध जस्ता सामाजिक एवं धार्मिक कार्यमा गरिने फजुल खर्चमा मितव्ययिता अपनाउन सार्वजनिक अपील गरिनेछ ।

१८२. साईवर क्राईम सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१८३. महिला, दलित तथा आदिवासी जनजाति समुदायका व्यक्तिहरुलाई सिपमूलक तालिम प्रदान गरी स्वरोजगार बन्न प्रेरित गरिनेछ ।

१८४. अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क रुपमा सहायक सामग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१८५. विद्यालयमा बाल क्लबलाई सक्रिय बनाइ बालबालिकामा लुकेर रहेको प्रतिभा प्रस्फुटन गराईने छ ।

१८६. बालश्रम अन्त्यको लागि पालिका स्तरीय बालश्रम निवारण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८७. लागु पदार्थ दुर्व्यसनी विरुद्धको अभियानलाई व्यापक बनाउन संघ, प्रदेश, नीजि क्षेत्र तथा विभिन्न संघ संस्थाका साथै समुदायसँग सहकार्य गरिनेछ।

१८८. बालमैत्री स्थानीय शासन अभियानलाई दिगोपनाका लागि बालमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८९. द्वन्द पीडितहरुलाई परिचय पत्र व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

१९०. विपन्न नागरिकलाई स्वास्थ्य उपचार र शिक्षामा पहुँच अभिवृद्धि गर्न विपन्न नागरिक सहायता कोषलाई थप व्यवस्थित बनाइनेछ। साथै विपन्न नागरिक सहायता कोषलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१९१. सामाजिक सुरक्षा भत्तालाई वैकसँगको समन्वयमा टोल स्तरमा वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१९२. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको नविकरणलाई सहज वनाउन आइरिस मेसिन लगायतका प्रविधिको अवलम्बन गरिनेछ ।

१९३. टोल विकास संस्थाहरुलाई निरन्तर रुपमा अघि वढाइ गाउँपालिकाको संवृद्धिको संबाहकको रुपमा स्थापीत गरिनेछ ।

**धर्म संस्कृति प्रवर्द्धनः**

१९४. शव दाह गृह निर्माणका लागि हात्तीसुडें लोहाजोर देवताखोला, बकैया-सिमात खोला, सिमात ठाटीखोला दोभान, खुईखोला डाँडा, त्रिवेणिधाम बकैया ६ तथा तामाखोला भन्दा माथि डाँडा लगायतका स्थानमा पहिचान गरिनेछ ।

ग. **पूर्वाधार विकास क्षेत्रः**

**शहरी विकास तथा पूर्वाधार निर्माण**

१९५. मर्मत सम्भार कोषको व्यवस्था गरी सडक पुल लगायतका भौतिक संरचनाको नियमित मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।

१९६. भवन निर्माण संहिताको पूर्ण कार्यान्वयन गरिनेछ ।

१९७. नजिकको वजार केन्द्रलाई आधार मानि कार्यस्थलसम्मको दुरी समेतको आधारमा निर्माण समाग्रीको दररेट विश्लेषण गरी योजना कार्यान्वयन गरिनेछ ।

१९८. उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनामा प्राविधिक सिफारिसको आधारमा गुणस्तर परीक्षण गर्ने नीति लिइनेछ ।

१९९. अधुरा आयोजनालाई प्राथमिकतामा राखि निर्माण सम्पन्न गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२००. कन्टिन्जेन्सी सम्वन्धी साविकको नीतिलाई निरन्तरता दिइनेछ ।

२०१. गाउँपालिका क्षेत्रभित्रका नदी किनारमा पक्की तटवन्धन सहितको करिडोर निर्माण गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

२०२. मुख्य चोक वजार तथा सडकमा शौचालय तथा प्रतिक्षालय निर्माण गर्न साझेदार निकाय तथा सामूदायिक वनसँग सहकार्य गरिनेछ । साथै त्यस्ता क्षेत्रमा सिसि क्यामेरा जडान गरी अवाञ्चित क्रियाकलापको निगरानी गरिनेछ ।

२०३. २ लाख वा सो भन्दा कम विनियोजित वजेटबाट सञ्चालित वडा स्तरीय आयोजनाको वडा अनुगमन समितिबाट अनुगमन मूल्याङ्कन गरी फरफारक गरिनेछ ।

२०४. पालिका तथा वडा स्तरमा उपभोक्ता समितिबाट संचालन हुने योजनाहरु सम्झौता तथा भुक्तानीको लागि दुई पटकमा पालिकाबाट कार्य सम्पन्न हुने व्यवस्था मिलाइनेछ ।

२०५. पालिका केन्द्रबाट टाढा रहेका वडा नं १, २, १०, ११ र १२ मा विनियोजित वजेटबाट योजना कार्यान्वयन गर्न पालिकाबाट सम्बन्धित वडा कार्यालयमा नै सम्झौता गर्ने नीति लिइनेछ ।

२०६. वडा, विषयगत क्षेत्र तथा संस्थाहरुबाट माग भई आएका योजनाहरुको प्राथमिकिकरण गरी संघ तथा प्रदेश सरकारसँग माग गर्ने साथै स्थानीय तहबाट क्रमशः सञ्चालन गर्दै लगिनेछ ।

२०७. गाउँपालिकाको आगामी ५ वर्षको लागि आवधिक योजना तर्जुमा गरिनेछ ।

२०८. गाउँपालिकाको त्रैमासिक रुपमा विषयगत समिति, विषयगत शाखा तथा वडा कार्यालयको वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धि तथा प्रगति प्रतिवेदन उपर समीक्षा गर्ने व्यवस्था मिलाइनेछ।

२०९. स्वच्छ खानेपानी माथि सबैको पहुँच सुनिश्चिताको लागि WASH Plan को आधारमा खानेपानीका स्रोतहरु पहिचान गरी थप योजनाहरु संचालन गर्दै एक घर एक धारा नीतिलाई निरन्तरता दिईनेछ।

२१०. बकैया तथा सिमात खोला करिडोर निर्माणको लागि थप पहल गरिनेछ । साथै बागमती नदी, सुकौरा खोला, ठाँटी खोला, हिरामुनी खहरे, चम्पाखहरे, सुनाचुरी खोला, धन्सार खोला करिडोर, चाँदेखोला लगायतका खोलाहरु नियन्त्रण गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी कार्यक्रमहरु निरन्तरता दिइनेछ ।

२११. विकासमा नागरिकको सहभागिता सुनिश्चितता गर्न सहभागितामूलक विकास निर्माण पद्धति अवलम्बन गरिनेछ ।

२१२. उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुमा उपभोक्ताहरुको अनिवार्य लागत साझेदारीलाई थप व्यवस्थित बनाइनेछ । विकास निर्माणमा नागरिकको सहभागिता अभिवृद्धि गर्न श्रमदानलाई प्रोत्साहन गरिनेछ । साथै प्रक्रियागत सरलिकरण गरिनेछ ।

२१३. उपभोक्ता समिति र टोल विकास संस्थाहरुलाई विकास निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्नको लागि क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२१४. गाउँपालिकाका मुख्य सडकहरुको क्रमश: स्तर उस्तरोन्नती गरिदै लगिनेछ। साथै वडा केन्द्र देखि प्रत्येक गाउँसम्म न्यूनतम मापदण्ड अनुसारको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२१५. दीगो र भरपर्दो सडक पूर्वाधार निर्माणको लागि गुणस्तर मापन गर्न पालिकामै मिनिल्यावको स्थापना गरी भौतिक पूर्वधारको न्यूनतम मापदण्डको पालनालाई अनिवार्य गरिनेछ ।

२१६. बकैया गाउँपालिका भित्र आवश्यकता अनुसार पक्कीपुल, वेलीवृज तथा झोलुङ्गे पुल निर्माणको लागि संघ तथा प्रदेश सरकार र अन्य संघ संस्थाहरुसँग समन्वय गरि अघि बढाईने कार्यलाई निरन्तरता दिईनेछ।

**उर्जा तथा सञ्चारः**

२१७. ग्रामिण क्षेत्रमा एल. पि. ग्यासको वढ्दो प्रयोगलाई निरुत्साहित गर्दै नवीकरणीय उर्जाको पहुच विस्तार गर्न सोलार, विद्युतिय चुलो, गोवरग्यास तथा सुधारिएको चुल्हो लगायतका प्रविधिको प्रयोगमा प्रोत्साहित गरिनेछ ।

## घ. वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः

**वन, वातावरण तथा जलवायु परिवर्तनः**

२१८. वातावरणीय क्षेत्र प्रवर्द्धनका लागि खुला क्षेत्र/चौतारी/पोखरी/राजमार्ग किनारमा हरियाली क्षेत्र विस्तार गर्ने नीति लिइनेछ ।

२१९. वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक समाज तथा निजी क्षेत्र र गैर सरकारी संस्थालाई साझेदार निकायको रुपमा अघि वढाइनेछ।

२२०. सम्बन्धित सामुदायिक वन तथा टोल विकास संस्थासँगको सहकार्यमा पानीको मुहान संरक्षणका लागि वृक्षारोपण गर्ने, घेराबारा गरी सरसफाई गर्ने आवश्यक व्यवस्था मिलाइनेछ ।

२२१. सिमसार क्षेत्रको संरक्षणका लागि साझेदार निकायसँग समन्वय गरिनेछ । सामूदायिक वन, टोल विकास संस्था तथा सरोकारवाला निकायसँग समन्वय गरी डढेलो नियन्त्रण र वन तथा वन्यजन्तु संरक्षणका लागि अग्नी रेखा निर्माण गरिनेछ ।

२२२. सीमसार तथा चुरे क्षेत्र संरक्षण र भूक्षय नियन्त्रणका लागि सामूदायिक वनसँगको साझेदारीमा वृक्षारोपण लगायतका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२२३. पार्क तथा वाल उद्यान निर्माणका लागि सामुदायिक तथा निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

२२४. सामूदायिक वनमा दिगो वन व्यवस्थापन पद्धति अवलम्बन गरिनेछ ।

२२५. सामूदायिक वनसँग सार्वजनिक निजी साझेदारी **(PPP)** मोडेलमा नदी उकास जग्गा तथा सार्वजनिक वाझो जग्गामा वृक्षारोपण, वेतवास, फलफूल, कन्दमुल लगायतका खेति गरी दिगो आय आर्जन र जीविकोपार्जनमा सहयोग पुग्ने गरी साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२६. सामूदायिक वनसँगको सहकार्यमा कृषि र वनलाई एकिकरण गरी **Agro forestry** कार्यक्रम सञ्चालन गरिनेछ ।

२२७. सामूदायिक वन भित्र रहेका मिचाहा प्रजातिका झाडी सुधार गरी प्राङ्गारिक मल उद्योग स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

२२८. गैह्र काष्ठ वन पैदावार संरक्षण तथा प्रवर्द्धन गर्न प्राथमिकता दिइनेछ ।

२२९. सामुदायिक वन उपभोक्ता समितिहरुको सहकार्यमा वन तथा समुदायमा आधारित अभिमुखिकरण तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२३०. सामुदायिक वनहरुसँगको सहकार्यमा वन तथा जलधार क्षेत्रको संरक्षणका साथै वनजङ्गलमा लोप हुँदै गएका जडिबुटी तथा फलफुलजन्य वोटविरुवाहरुको संरक्षण तथा संवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

२३१. सामूदायिक वन तथा टोल विकास संस्थाको सहकार्यमा **एक घर पाँच विरुवा** अभियान सञ्चालन गरिनेछ ।

२३२. हरेक विकास निर्माणको कार्यक्रम सञ्चालन गर्दा वायो इन्जिनियरिङलाई अनिवार्य गरिने नीति लिइनेछ ।

२३३. अस्पताल, होटल तथा उद्योगहरुको वातावरणीय अवस्थाको प्रभावकारी अनुगमन गरिनेछ ।

२३४. जलवायु परिवर्तनलाई मध्यनजर गर्दै जलवायु उत्थानशील योजना तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागू गर्न प्राथमिकता दिईनेछ ।

२३५. जलवायु परिवर्तनको असर न्यूनीकरण र हरियाली प्रवर्द्धन गर्न सामुदायिक वन उपभोक्ता समुह र टोल विकास संस्थासँग सहकार्य गरी सडक किनारमा वृक्षारोपण गरी हरित पेटीको अवधारणा कार्यान्वयन गरिनेछ ।

२३६. सामूदायिक वनसँगको समन्वयमा जलवायु परिवर्तन र सोबाट वातावरणमा पर्ने असरका वारेमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा गरिनेछ ।

२३७. बन विकास तथा वातावरण संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न छुट्टै शाखाको स्थापना गरिनेछ ।

२३८. सामूदायिक वनसँग रहेको वन विकास कोषलाई वन कार्यालयको समन्वयमा स्थानीय सरकार र सामुदायिक वन उपभोक्ता समूहबीच साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>विपद व्यवस्थापन</u>

२३९. विपद् जोखिमबाट सुरक्षित रहन जोखिममुक्त संरचना निर्माण, विपद पूर्व-सूचना प्रणालीको विकास र विपद सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिइनेछ । जेखिमयुक्त स्थानहरुको पहिचान गरिनेछ ।

२४०. उद्धार र राहत सामग्रीको उपलब्धता सुनिश्चित गरी विपदमा परेका नागरिकहरुलाई तत्काल उद्धार गरी राहत र पुनर्स्थापनाको व्यवस्था मिलाइनेछ ।

२४१. विपद व्यवस्थापन कोषमा पर्याप्त रकम विनियोजन गरी विपद व्यवस्थापन पुर्व तयारी, प्रतिकार्य तथा पुनर्लाभको लागि आवश्यक कार्य अघि बढाइनेछ ।

२४२. रेडक्रस तथा सुरक्षा निकायको सहकार्यमा विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी कृत्रिम अभ्यास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२४३. विपद व्यवस्थापन उद्धार तथा प्रतिकार्यका लागि विभिन्न वडा तथा गाउँपालिका क्षेत्रमा रहेका खुल्ला क्षेत्रलाई व्यवस्थित गरिनेछ ।

२४४. प्रत्येक वडामा विपद् उद्धार तथा प्रतिकार्यका लागि स्वयम् सेवक तयार गरी परिचालन गरिनेछ ।

**<u>फोहोरमैला व्यवस्थापन</u>**

२४५. सार्वजनिक स्थानहरुमा फोहोरमैला विसर्जन गर्ने तथा प्रदूषणयुक्त कार्य गर्ने व्यक्ति तथा संस्थाहरुको पहिचान गरी कानूनी कारबाही गरिनेछ ।

२४६. वातावरण प्रदुषण नियन्त्रणलाई प्रभावकारी बनाउन फोहोरमैला स्रोतमै वर्गीकरण गरी उचित व्यवस्थापन गरिनेछ ।

२४७. फोहोरमैला न्यूनीकरण र पुनःप्रयोग **(Reduce & Reuse)** अवधारणालाई घरघरसम्म पुऱ्याई अन्तिम विसर्जन स्थलमा न्यूनतम फोहोर पुऱ्याउन स्थानीय समूदायलाई प्रोत्साहित गरिनेछ ।

२४८. फोहोरमैला व्यवस्थापनका लागि माध्यामिक तहका सामुदायिक विद्यालयहरुमा वातावरण सचेतना समूह **(Environment Concern Club)** गठन गरी फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका क्षेत्रमा परिचालन गरिनेछ ।

२४९. फोहोर मैला संकलन तथा व्यवस्थापनको लागि कार्ययोजना तयार गरी लागू गरिनेछ ।

२५०. हरेक वडाको एक टोल विकास संस्थालाई सरसफाईमा नमूना टोल विकास संस्थाको रुपमा विकसित गर्दै पुरस्कृत गरिनेछ ।

२५१. गाउँपालिका भित्रको फोहोर मैला व्यवस्थापनको लागि उचित स्थान पहिचान गरी फोहर मैला व्यवस्थापन स्थल निर्माण कार्य अध्ययन गरी यसै बर्षबाट अघि बढाइनेछ ।

२५२. बकैया गाउँपालिका भित्र विद्युतको पहुँच नपुगेको क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउन आवश्यक  पहल गरिनेछ। साथै काठको पोल हटाउने तथा भोल्टेज सुधारको लागि सम्बन्धित निकायसँग थप आवश्यक पहल गरिनेछ ।

२५३. वैकल्पिक उर्जाको लागि सम्भाव्यता अध्ययन गर्न साझेदार संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ । साथै वैकल्पिक उर्जा विकासमा लगानीको लागि प्रस्ताव आव्हानलाई निरन्तरता दिइनेछ ।

२५४. सञ्चारको पहुँच अभिवृद्धि गर्न मोवाईल नेटवर्क तथा ईन्टरनेट सुविधा विस्तारका लागि सम्बन्धित निकायसंग आवश्यक समन्वय गरिनेछ ।

**<u>संस्थागत क्षमता तथा सुशासन क्षेत्रः</u>**

**<u>भुमि व्यवस्थापन</u>**

२५५. भूमिहिन दलित तथा भूमिहीन सुकुम्वासीहरुलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने कार्यक्रमलाई पूर्णता दिइनेछ । साथै २०३२/०३३ साल भन्दा अगाडि नाप नक्सा भई हालसम्म जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त नभएको अव्यवस्थित जग्गाहरुको जग्गाधनी दर्ता प्रमाणपुर्जा प्रदान गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

२५६. गाउँपालिका क्षेत्रको सार्वजानिक जग्गाहरु पहिचान, संरक्षण, सम्बर्द्धन तथा उपयोगको लागि सम्बन्धित वडा समिति, वडा कार्यालय तथा टोल विकास संस्थाहरुलाई थप जिम्मेवार बनाईनेछ ।

२५७. यस गाउँपालिकाको दक्षिण भाग स्थित वडा नं. १ को श्रीथली, ख्याकु, मोरङ्गे, ईपिलवस्ती, रजुवा वडा नं. २ को धरापे र मोहरी तथा वडा नं. ६ को भालुखोला, भक्तलाल, बुङ्जर, रामथली, उपचौरथली, खोपिल्टो, गडवान, गवरस्थानसङ्ग बारा तथा रौतहट जिल्लाको सीमा सम्बन्धी समस्या रहेकोमा सो समस्या निरुपणको लागि नेपाल सरकार तथा सम्बन्धित निकायहरुसँग समन्वय तथा आवश्यक पहल कार्यलाई निरन्तरता दिइनेछ ।

२५८. गाउँपालिकाबाट भूमि प्रशासन सेवा प्रारम्भ गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

**<u>राजस्व</u>**

२५९. आगामी आवलाई कर सहभागिता वर्षको रुपमा मनाइनेछ ।

२६०. एक करदातालाई एक संकेत नं. प्रदान गरी सवै करदाताको विवरण चुस्त दुरुस्त वनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

२६१. करदाता, कर विज्ञ तथा कर प्रशासकहरुको सल्लाह सुझाव र सहकार्यमा कर प्रशासनलाई समयानुकुल वनाइने छ ।

२६२. राजस्व प्रशासनलाई क्रमशः समसामयिक, सूचना प्रविधिमैत्री एवं करदातामैत्री वनाइनेछ ।

२६३. पालिकाबाट नै पान दर्ता नविकरण र करचुक्ता जस्ता कार्य गरी जनतालाई घरदैलोमा राजस्व प्रशासन सेवा उपलव्ध गराइनेछ ।

२६४. सम्पत्ति करलाई स्वघोषणामा आधारित वनाइ व्यवस्थित गरिनेछ ।

२६५. घरजग्गा वहाल कर/घर नक्सापास तथा अभिलेखिकरणलाई थप व्यवस्थित गरी राजस्व अभिवृद्धिमा जोड दिइनेछ ।

२६६. राज्य प्रति करदाताको दायित्व वोध गराउने उद्देश्यले करदाता शिक्षा कार्यक्रमलाई जोड दिइनेछ ।

२६७. राजस्वको दायरामा आउन नसकेका सम्भावित क्षेत्रहरुको अध्ययन एवं पहिचान गरी क्रमशः राजस्वको दायरामा ल्याइनेछ ।

२६८. कर सहभागिता वर्ष आ.व. २०८३/०८४ मा व्यवसाय दर्ता/नविकरण गर्दा अघिल्ला आवको वक्यौतामा लाग्ने व्याज तथा जरिवाना मिनाहा गरिनेछ।

२६९. व्यवसायीले आगामी आ.व. २०८३/०८४ को असोज महिना भित्र व्यवसाय दर्ता वा नविकरण गर्दा सो आवको लागि लाग्ने व्यवसायकरमा १० प्रतिशत छुट दिइनेछ ।

२७०. संघीय तथा प्रादेशिक निकायमा दर्ता भई गाउँपालिका भित्र सञ्चालित व्यवसायले कर प्रयोजनको लागि गाउँपलिकामा अनिवार्य सूचिकृत गर्नु पर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

२७१. कर सहभागिता वर्ष आ.व. २०८३/०८४ मा संघीय तथा प्रादेशिक निकायमा दर्ता भई गाउँपालिका भित्र सञ्चालित व्यवसायले कर प्रयोजनको लागि गाउँपलिकामा सूचिकृत गर्दा अन्य संघीय तथा प्रादेशिक निकायमा जुनसुकै वखत दर्ता भएता पनि गाउँपालिकामा आ.व. २०८३/०८४ देखि दर्ता गरी व्यवसाय कर असुल गरिनेछ ।

२७२. गाउँपालिकाको क्षेत्रभित्र आँकडा तथा निस्सा प्राप्त ऐलानी जग्गा हकभोग गर्दै आएका सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुसँग कानून बमोजिम वहाल विटौरी शुल्क असुल गरिनेछ ।

२७३. आगामी आ.व. २०८३/०८४ देखि तीनपाङ्ग्रे सवारी साधनलाई व्यवस्थित गर्न दर्ता तथा नविकरण सम्बन्धी कार्य गाउँपालिकाबाटै सुरु गरिनेछ । साथै त्यस्ता सवारीसाधनलाई करको दायरामा ल्याइनेछ ।

२७४. ढुंगा, गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरीनेछ । साथै नदीजन्य पदार्थको उत्खनन् तथा विक्रि वितरणको कार्य मापदण्ड बमोजिम गरिनेछ ।

**शासकीय प्रबन्धः**

२७५. वार्षिक वजेटलाई मध्यमकालिन खर्च संरचना र आवधिक योजनासँग तादम्यता कायम गरिनेछ ।

२७६. निष्पक्ष र पारदर्शी न्यायीक प्रक्रिया सुनिश्चित गर्दै न्यायिक अभिलेखलाई व्यवस्थित बनाईनेछ ।

२७७. न्यायिक समितिको भूमिकालाई थप प्रभावकारी बनाउँदै उजुरी/विवादको समयमै निरुपण गरी पीडितलाई न्यायको प्रत्याभूति दिलाउन न्यायिक समितिको क्षमता विकास गरिनेछ ।

२७८. स्थानीयस्तरमा उत्पन्न विवाद समाधानको लागि वडास्तरमा गठित मेलमिलाप केन्द्रलाई सशक्त र प्रभावकारी बनाइनेछ ।

२७९. गाउँपालिका भित्रका वडा मेलमिलाप केन्द्रका सूचिकृत मेलमिलापकर्ता एवं न्यायीक समिति बीच असल अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२८०. अन्तरपालिका न्यायीक समितिबीच असल अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२८१. मेलमिलाप कर्ताहरुलाई पुनर्ताजगी तालिम प्रदान गरिनेछ ।

२८२. विद्यालयहरुमा न्यायीक समिति मार्फत विभिन्न कानूनी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

२८३. गाउँपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई प्रभावकारी, सर्वसुलभ र सरलीकृत गरिनेछ ।

२८४. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई जनउत्तरदायी बनाउन छरितो संरचना, पर्याप्त जनशक्ति, आवश्यक कार्यविधि निर्माण र आधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

२८५. "सेवा पाउन लाइन होइन, अधिकार हो" भन्ने उद्देश्यले बकैया गाउँपालिकालाई नागरिकको सेवा प्रवाहको केन्द्र विन्दुको रुपमा विकास गरि सेवा प्रवाहमा प्रभावकारीता ल्याउन बकैया गाउँपालिकाको सेवा प्रवाह मापदण्ड तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

२८६. गाउँपालिकाको नगर प्रहरीको भूमिका अभिवृद्धि गरी थप प्रभावकारी बनाइनेछ ।

२८७. बकैया गाउँपालिकालाई "जनताको सरकार, जनताको सेवा" गर्ने सरकारको रुपमा स्थापित गर्न पारदर्शी कार्य प्रणाली अवलम्बन गरिनेछ । ।

२८८. गाउँपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई प्रभावकारी, सर्वसुलभ सरलीकृत र उत्तरदायी बनाउँदै लैजान यसको प्रशासनिक संरचना, जनशक्ति, कार्यविधि र आधुनिक प्रविधिको प्रयोग बढाँउदै नागरिक पहुँचमैत्री बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

२८९. गाउँपालिकामा कार्यरत सबै कर्मचारीलाई कार्यविवरण बमोजिम कार्यसम्पादन सम्झौता र कामका आधारमा कर्मचारीलाई पुरस्कृत वा दण्डित गर्ने नीति अवलम्बन गरिनेछ ।

२९०. गाउँपालिका अन्तर्गतका करार सेवाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा करार अवधि थप गर्ने नीति लिइनेछ।

२९१. ई हाजिरी प्रणाली मार्फत कर्मचारीहरुको नियमित अनुगमन गरिनेछ ।

२९२. कर्मचारीको आचरणलाई नियमित र व्यवस्थित गर्न कर्मचारी आचारसंहितालाई कडाईका साथ लागू गरिनेछ ।

२९३. कर्मचारी र जनप्रतिनिधिलाई सुशासन र आचरण सम्बन्धी तालिमको प्रवन्ध गरिनेछ ।

२९४. सेवा करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

२९५. कर्मचारीको व्यवसायिक क्षमता विकासको लागि तालिम लगायत अन्य प्रबन्ध मिलाइनेछ ।

२९६. गाउँपालिका र मातहतका वडा कार्यालयमा निरन्तर सेवा गरेका स्थानीय सेवामा कार्यरत कर्मचारीका लागि कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि बमोजिम रकम थप गर्ने व्यवस्था मिलाइनेछ ।

२९७. गाउँपालिकाको कार्यालयमा डिजिटल नागरिक वडापत्रको अवधारणालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२९८. सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण जस्ता सुशासनका औजारहरुको नियमित प्रयोग गर्दै पारदर्शिता, उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने कार्यगत ब्यवस्था मिलाइनेछ ।

२९९. गाउँपालिका तथा मातहतका निकायबाट प्रवाह हुने सेवा सरलिकृत गर्न नागरिक सहायता कक्ष, गुनासो पेटिका तथा सूचना पाटीको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

३००. गाउँपालिकाबाट भए गरेका कामकारवाहीको अभिलेखीकरण तथा प्रतिवेदनलाई क्रमश डिजिटाइज्ड गर्दै लैजाने व्यवस्था मिलाइनेछ । यसको लागि अर्धवार्षिक तथा वार्षिक रुपमा प्रतिवेदन र त्यसको सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

३०१. नागरिकले पालिकालाई वुझाउनु पर्ने राजस्व रकम घरमै वसी अनलाईन प्रणालीबाट भुक्तानी गर्न सक्ने प्रविधिको विकास गरी कार्यान्वयन गरिनेछ ।

३०२. गाउँपालिकाको आधिकारीक सूचना, विज्ञप्ति, निर्णय, धारणा र गतिविधिको अद्यावधिक जानकारी द्रूत गतिमा सम्प्रेषण गर्न वेवसाइट र फेसबुक पेज जस्ता विद्युतिय माध्यमलाई चुस्त र व्यवस्थित गरिनेछ । साथै त्यस्ता आधिकारिक सूचना गाउँपालिकाका प्रवक्ता तथा सूचना अधिकारीबाट प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

३०३. गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरु आवश्यकता अनुसार क्रमशः तयार गर्ने र लागू भएका कानूनहरु समयसापेक्ष सुधार तथा परिमार्जन गर्दै लागु गर्ने ब्यवस्था मिलाइनेछ।

३०४. वडा कार्यालयबाटै उपभोक्ता समितिलाई योजना सञ्चालनका सम्बन्धमा दक्ष वनाई उपभोक्ता समितिको कामकारवाहीलाई सहजिकरण गर्ने व्यवस्था मिलाईनेछ ।

३०५. आ—आफ्नो सेवामा इमान्दार, दक्ष र कार्यसम्पादनमा अब्बल ठहरिएका कर्मचारी, उत्कृष्ठ कार्य सम्पादन गर्ने उपभोक्ता समिति र समयमै नियमित कर दायित्व भुक्तान गर्ने उत्कृष्ट करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३०६. अन्य स्थानीय तहसँगको समन्वय, सहकार्य र सहसम्बन्धलाई प्रवर्द्धन गरिनेछ ।

३०७. चालु खर्च कटौती गर्दै खर्चमा मितव्ययिता अपनाईनेछ । साथै भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ। बेरुजु नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

३०८. कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्दै काम प्रतिको लगनशीलता वढाइ उत्तरदायी र जवाफदेही वनाउने नीति लिइनेछ ।

३०९. कार्यालय सहयोगीको सेवालाई थप प्रभावकारी र चुस्त वनाउन कार्यालय सहयोगीको खाइपाइ आएको पारिश्रमिकलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक अनुकुल वनाइनेछ ।